नेपाल टेलिकम
NEPAL TELECOM

राष्ट्र निर्माण हाम्रो लक्ष्य

प.सं ०८३।८४
च.नं. प्रे.वि.नं. २६

मिति- २०८३।०७।०१

NPL-3 को **Official Telecom Partner** सम्बन्धमा
प्रेस विज्ञप्ति

आगामी २०८३ कार्तिक ९ गते देखि मंसिर ५ गतेसम्म त्रिभुवन विश्वविद्यालय क्रिकेट मैदान, कीर्तिपुरमा सञ्चालन हुने नेपाल प्रिमियर लिग सिजन-३ (NPL-3) प्रतियोगितामा नेपाल टेलिकम **Official Telecom Partner** रहने भएको छ ।

यस सम्बन्धी सम्झौता पत्रमा नेपाल टेलिकमको तर्फबाट प्रबन्ध निर्देशक संगीता पहाडी (अर्याल) र नेपाल प्रिमियर लिग सिजन-३ को आयोजक नेपाल क्रिकेट संघ (CAN) को तर्फबाट महाप्रबन्धक उत्सव ढुंगानाले हस्ताक्षर गर्नुभएको छ ।

नेपाल टेलिकमको केन्द्रीय कार्यालयमा भएको सम्झौता हस्ताक्षर कार्यक्रममा नेपाल टेलिकमको तर्फबाट प्रमुख प्राविधिक अधिकृत डिल्लीराम अधिकारीले राष्ट्रिय स्तरको क्रिकेट प्रतियोगितामा कम्पनीले पहिलेदेखि नै सहयोग गर्दै आएको स्मरण गर्दै कम्पनीको ब्राण्ड इमेज बढाउन मात्र नभई नेपालमा क्रिकेट खेललाई संस्थागत रुपमा थप प्रवर्द्धन गर्नका लागि समेत यो सहकार्य उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो । यसले कम्पनीको संस्थागत सामाजिक उत्तरदायित्वलाई समेत व्यवहारमा लागु गर्न र दुई संस्था बिचको सहकार्यलाई बलियो बनाउन भूमिका खेल्ने उहाँले बताउनु भयो ।

नेपाल क्रिकेट संघका महाप्रबन्धक उत्सव ढुंगानाले नेपाल टेलिकम जस्तो प्रतिष्ठित ब्राण्डसँग जोडिएर सहकार्य गर्न पाएकोमा खुसी व्यक्त गर्दै यसबाट नेपाली क्रिकेट खेललाई अझै अगाडि बढाउन योगदान पुग्ने विश्वास व्यक्त गर्नुभयो । उहाँले यो सहकार्यले भविष्यमा नेपालमा क्रिकेट खेललाई मात्र नभई खेलाडीको जीवनस्तरमा समेत परिवर्तन ल्याउन सहयोग पुग्ने अपेक्षा गर्नुभयो ।

नेपाली खेलकुद क्षेत्रको संवर्द्धन एवम् प्रवर्द्धन गर्ने नेपाल सरकारको नीतिलाई यस सहकार्यले थप टेवा पुऱ्याउने विश्वास कम्पनीले लिएको छ । एनपीएलले हालै इन्टरनेसनल क्रिकेट काउन्सिल (ICC) बाट मान्यता पाएकोमा नेपाल टेलिकम नेपाल क्रिकेट संघ (CAN) लाई बधाई ज्ञापन गर्दछ ।

२०८३।०६।०१
डा. कमल लामिछाने
प्रवक्ता

सूचना तथा प्रकाशन शाखा,
प्रमुख व्यावसायिक अधिकृतको कार्यालय
भद्रकालीप्लाजा, काठमाण्डौ ।

नेपाल दूरसंचार कम्पनी लिमिटेड
Nepal Doorsanchar Company Ltd

फोन नं.
ना.प्र.नि : ०१४२१०१०६
प्रवक्ता : ०१४२१०२०४
सह-प्रवक्ता : ०१४२१०२९६
सूचना शाखा : ०१४२१०३०२